# देवघाट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, तनहुँ ।

देवघाट गाउँपालिका


देवघाट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, तनहुँ ।

# परिचय

- ✓ नेपालको संघीय संरचना अनुसार **गण्डकी प्रदेश अन्तर्गत** तनहूँ जिल्लाका १० वटा स्थानीय तह मध्ये देवघाट गाउँपालिका पनि एक हो ।
- ✓ यो देवघाट विश्व मानचित्रमा २७°४२'३०" उत्तरी अक्षांश देखि २७°४७'३०" उत्तरी अक्षांश सम्म र ८५°२२'३०"पूर्वी देशान्तर देखि ८४°३०'००"पूर्वी देशान्तर वीच समुन्द्री सतहवाट १८४ मि.(बेणी संगम) १६८० मिटर (गोगनघारी चुली) उचाइ सम्म फैलिएको छ ।
- ✓ यो गाउँपालिका धार्मिक हिसावले निकै प्रख्यात छ । साविक देबघाट,कोटा, छिपछिपे र बैदी गा.वि.स. मिली बनेको यो गाउँपालिका साविक देवघाट बाहेक अन्य गा.वि.स. हरु  डाडाकाँडा, बन जंगल, बजार क्षेत्रवाट निकै दुर्गम मानिन्छ ।

"हाम्रो देवघाट, समृद्ध देवघाट"


देवघाट गाउँपालिकाको प्रशासकीय नक्सा




- ✓ हालको संरचना अनुसार वडा नं. १, २, ३ र ४ नं. वडाहरु दुर्गम मानिन्छन् ।
- ✓ देवघाट गाउँपालिकामा ३४३५ परिवारमा जम्मा १६१३१ जनसंख्या **मध्य** महिला ८६४७ र पुरुष ७४८४ रहेको **र** औषत घरपरिवार ४.७० रहेको छ । यस गाउँपालिकाको साक्षरता प्रतिशत ६७.२१ जसमा महिला ५९.८६ र पुरुष ७५.८३ रहेको छ ।
- ✓ यस गाउँपालिका भित्र ३४ वटा सामुदायिक विद्यालय , ४ वटा धार्मिक गुरुकुल (१ कन्या गुरुकुल) समेत गरी ३८ वटा विद्यालय रहेका छन ।
- ✓ ५ वटा वडा कार्यालय, ५ वटा स्वास्थ्य चौकी, ३ वटा सामुदायिक स्वास्थ्य इकाई र १ वटा धर्मार्थ अस्पताल रहेका छन् ।
- ✓ खानेपानीको श्रोत अनुसार धाराको पानी उपभोग गर्नेहरु ९०.१%, ट्युवेल ०.१%, ढाकिएको कुवा ईनारबाट १.३ %, खुला कुवाबाट ३.३ %, ढुङ्गेधाराबाट ३.० % नदिखोलाबाट १.४ % र अन्यबाट ०.७ % खानेपानी उपभोग गरेका छन् ।

## पालिकाको बजेट स्थिती (रु. हजारमा....)

| सि.नं. | विषय | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|---|
| १ | सभाबाट स्वीकृत बजेट रकम | ४५२४८७ | ४८४९७८ |
| २ | यथार्थ खर्च रकम | ३४०९१०.७४६ | |
| ३ | यथार्थ खर्चको प्रतिशत | ७५.३४ % | |





## आर्थिक वर्ष ०७७/०७८ को आय र व्यय (रु. हजारमा)

| सि. नं. | शिर्षक | अख्तियारी / अनुमानित प्रक्षेपण रकम | खुद निकासा प्राप्त रकम | खुद खर्च रकम | खुद खर्च प्रतिशत | फ्रिज भएको / खर्च हुन नसकेको प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकारको अनुदान / श्रोत | ३४२४३०.६२ | ३२५३९१.४१ | २७०७९३.३ | ८३.२% | १६.८% |
| २ | प्रदेश सरकारको अनुदान / श्रोत | ३०९२२ | २९६१३.०४ | १७१७६.७६ | ५८% | ४२% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | स्था. पूर्वाधार वि.साझेदारी कार्यक्रम | ५५०० | ५११६.५५९ | ५११६.५५९ | १००% | ०% |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ८०५८ | ८०३६ | ७२५०.२२ | ९०.२२ % | ९.८% |
| ७ | पालिकाको आफ्नो आन्तरिक कोष | ५८५८१ | ६११५६.७५ | ४२९४०.७३ | ७०.२१% | २९.७९% |
| ८ | अन्य ( विविध कोष, विविध खर्च , प्रकोप व्यवस्थापन कोष) | ३०००० | २२४१७.३१ | १३७१९.८३ | ६१.२% | ३८.८% |
| जम्मा | | ४६८७७०.२८ | ४५१७३१.०६९ | ३५६९९७.9 | | |

## आर्थिक वर्ष ०७७/०७८ को आय र व्यय शिर्षकगत रुपमा चार्टमा





| | संघिय सरकारको अनुदान | प्रदेश सरकारको अनुदान | स्थानीय पूर्वाधार वि . साझेदारी कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम | पालिकाको आफ्नो आन्तरिक कोष | अन्य( विविध कोष, विविध खर्च, प्रकोप |
|---|---|---|---|---|---|---|
| खर्च प्रतिशतमा | ८३.२ | ५८ | १०० | ९०.२ | ७०.२ | ६१.२ |

## आन्तरिक आयस्रोतको विवरण रु हजारमा..


| सि. नं. | शिर्षक | आय अनुमान | आय रकम | लक्ष अनुसारको |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, बालुवा आदि नदीजन्य तथा प्राकृतिक स्रोत | ९००० | ५५२१.१९ | |
| २ | एकिकृत सम्पत्ति कर | १०० | २७.९६६ | |
| ३ | मालपोत तथा भूमिकर | ५००० | १०३६९.८७२ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | नक्शा पास | १५० | १४३.१२८ | |
| ६ | अन्य (बाँकी सबै शिर्षक/ अल्या सहित ) | ४९३३२.९२ | ४७६०३.५८ | |
| | जम्मा | ६३५८२.९२ | ६३६६५.७३६ | |




## विषयगत समिति अनुसार विनियोजित बजेट र सोको खर्चको अवस्था रु हजारमा..

| सि. नं. | विषयगत समिति | विनियोजित वजेट | खर्च भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०२४५ | २७२९६.९८ | ५४.३% |
| २ | सामाजिक विकास | १९९७६२.३१ | १६७४८०.८७ | ८३.८४% |
| ३ | पूर्वाधार विकास | ९६३५४.४९३ | ६८४१७.३६१ | ७१.००% |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५६०० | १०८२४.७१ | ६९.३९% |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ९०४२५.८१ | ६६८९०.८१ | ७३.९७% |
| जम्मा | | ४५२३८७.६१ | ३४०९१०.७१ | |




# आ.व. ०७७/७८ को योजनाको किसिम र योजना संङ्ख्या

| सि. नं. | योजना तथा कार्यक्रमको क्षेत्र / किसिम | योजना संख्या | सि. नं. | योजना तथा कार्यक्रमको क्षेत्र / किसिम | योजना संख्या |
|---|---|---|---|---|---|
| १ | सडक निर्माण / सुधार | ४३ | २० | **धर्म, संस्कृति कला ( भगिनी सम्बन्धमा ) लखन गा.पा. गोरखा र रुरु गा.पा. गुल्मी** | २ |
| २ | सडक पुल / पुलेसा | ० | २१ | पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन | २ |
| ३ | झोलुङ्गेपुल निर्माण / मर्मत | ३ | २२ | आन्तरिक श्रोत प्रवर्द्धन गर्ने कार्यक्रम | १ |
| ४ | सिँचाई | २६ | २३ | कृषि उत्पादन, प्रवर्द्धन, बजारीकरण | २० |
| ५ | नदी, खोला तटबन्धन | ६ | २४ | पशुपालन, उत्पादन विकास बजारीकरण | २० |
| ६ | शिक्षा (भौतिक सुधार) | ६ | २५ | घरेलु तथा लघुउद्यम | ८ |
| ७ | स्वास्थ्य (भौतिक सुधार) | ३ | २६ | नागरिकको सीप विकास / तालिम कार्यक्रम | ८ |
| ९ | स्वास्थ सेवा प्रवर्द्धन | १९ | २८ | पालिका / वडाको भौतिक निर्माण, सुधार | ४ |
| १० | पालिकाको संस्थागत क्षमता प्रवर्द्धन | २ | २९ | भवन निर्माण सुधार | १४ |
| १३ | जेष्ठ नागरिक | २ | ३२ | पर्यटन प्रवर्द्धन | **२ (होमस्टे अध्ययन भ्रमण, छरछरे झरना महोत्सब)** |
| १४ | महिला (एकल महिला) | ३ | ३३ | खेलकूद | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | बालबालिका | २ | ३४ | वन तथा वातावरण संरक्षण | ४ |
| १६ | दलित | २ | ३५ | फोहोरमैला व्यवस्थापन | २ |
| १७ | जनजाति | २ | ३६ | सूचना, संचार तथा प्रविधि | २ |
| १८ | अपाङ्ग | १ | ३७ | कोरोना प्रकोप रोकथाम, न्युनीकरण | ३ |
| १९ | प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन | १८ | ३८ | भेन्डिङ्ग मेशिन खरिद वितरण | ७ |
| ३९ | हात धुने स्थान निर्माण | २ | ४० | विद्यालयमा वाश कर्नर स्थापना | ५ |
| | | | | **जम्मा योजना संख्या** | २६० |

## आ.व. २०७७/०७८ को योजना लागतको अवस्था

| सि.नं. | विवरण | संख्या | योजनाका किसिम |
|---|---|---|---|
| १ | रु ५० लाख भन्दा वढी लागत भएका योजना संख्या | ३ | भवन, पर्यटन,सडक |
| २ | रु २० लाख भन्दा वढी ५० लाख भन्दा कम लागत भएका  योजना संख्या | ७ | विभिन्न योजनाहरू |
| ३ | रु ५ लाख भन्दा वढी २० लाख भन्दा कम लागत भएका योजना संख्या | ३३ | - |
| ४ | रु ५ लाख भन्दा कम लागत भएका योजना संख्या | २१७ | - |
| **जम्मा** | | २६० | - |

## आ.व. २०७७/०७८ को प्रगति

| सि.नं. | विषय र शिर्षक | इकाई | उपलब्धी / प्रगति |
|---|---|---|---|
| **(क)** | **सडक निर्माण तथा सुधार** | | |
| | **२. सडक ग्राभेल** | **६ वटा** | **१.७५ कि.मि.** |
| | **३. नयाँ ट्रयाक** | **१० वटा** | **१५ कि.मि.** |
| | **४. सडक स्तरउन्नती / मर्मत सुधार** | **२२ वटा** | **१९० कि.मि.** |
| | **२. झोपु निर्माण तथा मर्मत सम्भार** | **३ वटा** | **निर्माणधीन अवस्था** |
| | **३. हयूमपाईप कलभर्ट** | **२ स्थान** | **खोल्चामा बाटो सुचारू गर्न ।** |

| सि.नं. | विषय र शिर्षक | इकाई | उपलब्धी / प्रगति |
|---|---|---|---|
| **(ग)** | **सिँचाई कूलो निर्माण तथा मर्मत** | | **मर्मत सुधार र नयाँ निर्माण ।** |
| **(घ)** | **खानेपानी** | | **मर्मत, सुधार ।** |
| | **१. नयाँ धारा निर्माण** | | **सम्पन्न रही चालु अवस्थामा रहेको ।** |
| | **२. खानेपानी योजना मर्मत, सुधार** | | **चालु अवस्थाम लगिएको।** |
| **(ङ)** | **शिक्षा** | | |

| | | | |
|---|---|---|---|
| | १. विद्यालय नयाँ कोठा निर्माण | | जिल्ला आयोजना कार्यान्वयन इकाई शिक्षा बाट बजेट व्यवस्थापन भएको सिद्द आ.वि. देबघाट-४ मा ३ कोठे र सर्बोदय आ.वि. देबघाट-२ मा ४ कोठे |
| | २. विद्यालयमा खानेपानी व्यवस्था तथा सुधार | | राष्ट्रिय आ.वि. देबघाट-४,कालिका मा.वि. देबघाट-५ ,सिद्द महाकालि मा.वि. देबघाट-५ र सर्वोदय आ.वि देबघाट-२ |
| | ३. विद्यालयमा शौचालय तथा कम्पाउण्डवाल निर्माण सुधार | | कालिका मा.वि देबघाट-५, सर्बोदय आ.वि देबघाट-२ र राष्ट्रिय आ.वि देबघाट-४ मा शौचालय निर्माण |
| (ङ) | ४. विद्यालय मर्मत सुधार | २ वटा | राष्ट्रिय आ.वि देबघाट-४,कालिका मा.वि. देबघाट-५ मा मर्मत सुधार |
| | ५. गाउँनगर पुस्तकालय | १ वटा | देवघाट सार्वजनिक पुस्तकालय । |
| | ६. सामुदायिक सिकाई केन्द्र (CLC) | १ वटा | देवघाट सामुदायिक सिकाइ केन्द्र । |
| | ७. ई-पुस्तकालय ( e-Library) | १ वटा | पार्वती मा.वि. देवघाट-१ । |
| (च) | स्वास्थ्य | | |
| | १. अस्पताल भवन निर्माण, सुधार (मर्मत समेत) | ३ वटा | देवघाट आधारभुत अस्पताल (१० बेड) को भवन टेन्डर भई जगको काम गर्न शुरु भएको । |
| | २. शहरी स्वास्थ केन्द्र स्थापना, संचालन | ० वटा | सबै वडामा स्वास्थ्य चौकी संचालनमा रहेको । |
| | ३. वेड तथा औजार उपकरण थप व्यवस्था ( | वटा,थान | कोराना संक्रमितको लागी कोभिड अस्थाई अस्पताल र आईशोलेसनका लागि अक्सिजन सिलिन्डर (थान- ११), विरामी वेड संङ्ख्या -११ र अक्सिजन कन्सन्ट्रेटर खरिद गरिएको । |

| | | | |
|---|---|---|---|
| (छ) | वातावरण तथा सरसफाई | | |
| | १. ल्याण्डफिल्ड / डम्पिङ्ग साईट | | स्थापना गरिएको । |
| | ४.पार्क तथा पोखरी | | सम्पन्न भएको । |
| (ज) | पर्यटन प्रवर्द्धन | | रुरु गाउँपालिका गुल्मी, शहिद लखन गा.पा. गोरखा र माडि नगरपालिका, चितवन सँग भगीनी सम्बन्ध स्थापना । |
| | ४. होमस्टे (घरबास ) | ८ वटा | ➢ ८ वटा होमस्टेमा लोकल चल्ला वितरण गरिएको<br>➢ सुनौलो भिलेज सामुदायिक होमस्टे संचालनमा । |
| | ५. पर्यटक पदमार्ग निर्माण तथा सुधार | २ वटा | ➢ वर्षाखोला देखी कोटथाम घण्टाचुली । (२ कि.मी.)<br>➢ छरछरे झर्ना पदमार्ग । |
| | १. विद्युत पोल लाईन विस्तार | - | देवघाट गाउँपालिका भित्र ५ वडा मै पूर्ण रुपले विस्तार गर्न बाकिँ । |
| | २. सोलर वत्ति जडान र व्यवस्था | ८ वटा | २ वटा संस्थागत, ६ वटा घरेलु । |
| | ३. लघु जलविद्युत कार्यक्रम | - | - |

| | | | |
|---|---|---|---|
| (ञ) | कृषि तथा पशु विकास कार्यक्रम | | |
| | १. कृषि तथा पशु हाट वजार | | ➢ हाटबजार क्षेत्रमा खोल्छा पुरी सम्याउने काम भएको,<br>➢ हाटबजार भवनको छट ढलनको कार्य सम्पन्न । |
| | २. कृषि र पशुजन्य | | ➢ प्राङ्गरिक स्थानीय जातको विषादीरहित फलफुल तथा तरकारी विक्री वितरण गरिएको । |

देवघाट गाउँपालिका

| | | | |
|---|---|---|---|
| | उपज संकलन तथा विक्रि | | |
| | ३. व्यवसायीक कृषि / पशु विकास कार्यक्रम | | ➢ सिजन अनुसारको तरकारी विऊविजन वितरण,<br>➢ सुन्तला खेती गर्ने कृषकलाई तालिम तथा कृषि सामाग्री वितरण,<br>➢ प्राङ्गारीक खेती सम्बन्धी तालिम साथै गड्यौला मल ब्यवस्थापन,<br>➢ प्यास्टिक हाउस निर्माण,<br>➢ कृषकलाई पुरस्कार कार्यक्रम गरिएको,<br>➢ अमेरिकन फौजी किराको नियन्त्रण,<br>➢ निशुल्क बोयर बोका वितरण गरिएको, |
| (ट) | खेलकूद | | |
| | १. खेलकूद मैदान निर्माण तथा सुधार | | निर्माणधीन अवस्था रहेको । |
| | २ कभर्ड हल | | निर्माणधीन अवस्था रहेको । |
| (ठ) | विपद् व्यवस्थापन | | |
| | (१) मनसुनजन्य हावाहुरीले संस्थागत विद्यालयको भवनको छाना उडाएकोले विद्यालयको लागि जस्ता पाता उपलब्ध गराइएको | | विद्यालयमा जस्ता पाता उपलब्ध गराइ विद्यार्थीहरुलाई सहज अध्ययनमा सहयोग |
| | (१) हावाहुरी तथा अविरल वर्षातका कारण घरमा क्षति भएका व्यक्तिहरुलाई क्षतिपूर्ती बापत रकम उपलब्ध गराईएको | | वर्षातका कारण क्षति भएका व्यक्तिहरुले क्षतिपूर्ती बापत रकम प्राप्त गरेका |
| | (१) आगलागीबाट घर क्षति भएका व्यक्तिहरुलाई तत्काल राहत सामाग्री तथा क्षतिपूर्ति बापत रकम उपलब्ध गराईएको | | आगलागीका कारण क्षति भएका व्यक्तिहरुले राहत सामाग्री तथा क्षतिपूर्ती बापत रकम प्राप्त गरेका |
| | कोरोना प्रकोप रोकथाम तथा नियन्त्रण | | |
| | १. स्वास्थ्य मापदण्ड अपनाई देवघाट छिर्ने प्रत्येक नाकाहरूमा HELP DESK राखि निगरानी गरिएको ।<br>२. जनप्रतितिनिधि, स्वास्थ्यकर्मीहरू कोभिड संक्रमित ब्यक्तीहरूको घर-घरमा गई भेटघाट गरी हौसाला प्रदान गरिएको ।<br>३. ५ वेडको अस्थाई कोभीड अस्पताल र अक्सिजन सहितको आईसोलेशन कक्ष निर्माण गरिएको ।<br>४. प्रत्येक हप्ताको आईतबार स्बाब संलकन गरी P .C .R. का लागी पोखरा जनस्वास्थ्य प्रयोगशाला पुर्याईएको र आवश्यक्तानुसार एन्तिजेन टेस्ट नियमित गरिएको । | | |
| | | | |
| | भवन | | |
| | १. सामुदायिक भवन | | ➢ सबै सम्पन्न । |
| | २. प्रशासकीय भवन | | ➢ निर्माणधीन । |
| | ३. वडा कार्यालय भवन | | ➢ २ नयाँ निर्माण |

| | | | |
|---|---|---|---|
| | ५. मन्दिर, गुम्बा, मस्जिद निर्माण / मर्मत / सुधार | | ➢ निर्माण सम्पन्न । |
| | ६. जेष्ठ नागरिक सेवा केन्द्र र वृद्धाश्रम | | ➢ वृद्व आश्रम भान्छा घर निर्माण सम्पन्न<br>➢ १ थान टि.भि. वितरण । |
| | १.जेष्ठ नागरिक | | ➢ नि:शुल्क आखा शिविर।<br>➢ आखाको मोतिविन्दु अपरेशन-२० जना, |
| | २. बालबालिका | | ➢ हाजिरी जबाफ,<br>➢ विज्ञान प्रर्दशनी । |
| | ३.महिला , दलित, जनजाती र अपाङ्ग | | ➢ लैङ्गीक हिंसा, सिलाईमेसिन समेतका विविध कार्यक्रम । |

## पालिकामा सेवा उपलब्धताको विवरण

| सि नं | सेवाको उपलव्धता | संख्या | कैफियत |
|---|---|---|---|
| २ | एम्बुलेन्स | | ➢ आ.व. २०७८/०७९ मा खरिद गर्नका लागि रू १० लाख ५० हजार विनियोजन गरिएको । |
| ४ | ट्र्याक्टर | | ➢ भाडामा । |
| ९ | मोटरसाईकल | | ➢ चालु अवस्था । |
| १० | अन्य सवारी साधन (जीप, कार) | | ➢ चालु अवस्था । |

## बेरुजू फछ्यौट

रु हजारमा..

| जम्मा बेरुजु रकम | आ.व. ०७७/७८ मा फछर्यौट गरिएको बेरुजू रकम |
|---|---|
| २४६९९ | ४००८.१७ |

## सामाजिक सुरक्षा

रु हजारमा..

| सि. नं. | शिर्षक | जम्मा निकासा भएको रकम | जम्मा खर्च / वितरण गरिएको रकम | कूल लाभान्वित (व्यक्ति, संस्था ) |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षाभत्ता | ५२४४०.८ | ५२३५६.३ | १७४२ |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम (ज्याला रकम) | ६९२८ | ६२६२.४ | १३४ |
| ३ | गरिब सँग विश्वेश्वर कार्यक्रम | - | - | - |

# सुशासन प्रवर्द्धन प्रगति

| सि.नं. | विषय | व्यहोरा |
|---|---|---|
| १ | सामाजिक परीक्षण गरे नगरेको | गरेको |
| २ | सार्वजनिक परीक्षण गरेको योजनाको संख्या | ३१ |
| ३ | वडास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम भएको, नभएको (भएको भए संख्या समेत) | ४ वटा भएको |
| ४ | पालिकास्तरिय सार्वजनिक सुनुवाई कार्यकम भएको, नभएको (भएको भए संख्या समेत) | नभएको |
| ५ | लेखा समितिको गठन भए नभएको र भएको भए ०७७/७८ को बैठक संख्या | नभएको |
| ६ | सुशासन समिति गठन भए नभएको  र भएको भए ०७७/७८ को बैठक संख्या | नभएको |
| ७ | आ व ०७७/७८ को वार्षिक समिक्षा कार्यक्रम भए नभएको (भएको भए मिति ) | भएको, मिति २०७८ भदौ |
| ८ | सभाको निर्णय अनुसार ०७८/७९ को बजेट पुस्तिका छपाई र वितरण भए नभएको | भएको |
| ९ | जनप्रतिनिधि र कर्मचारी वीच समन्वय बैठक हुने गरे नगरेको | गरेको |
| १० | वडामा नागरिक वडापत्र टाँस भए, नभएको | भएको |

| | | |
|---|---|---|
| २१ | न्यायिक समितिको ईजलाशको व्यवस्था भए / नभएको | |
| २३ | सभा र बोर्ड बैठकका निर्णय नियमित रुपमा वेभसाईटमा अद्यावधिक गरे / नगरेको | गरेको |
| २४ | सेवाग्राहीको सुविधाका लागि व्यवस्था गरिएको पालिकाको टोल फ्रि नम्बर | भएको(टोल फ्रिः १६६०५६५११११ ) |
| २५ | सहायता कक्ष (Help-Desk) को व्यवस्था छ छैन (छ भने के के सुविधा दिईएको छ) | भएको ( टि.भी, पत्रपत्रिका, इन्टरनेट) |
| २६ | प्र.प्र.अ. बाट मातहतका कर्मचारीलाई लिखित रुपमा अधिकार प्रत्यायोजन भए / नभएको | भएको |
| २७ | कार्यालयमा कर्मचारी लगवुकको व्यवस्था गरिएको / नगरिएको | गरिएको |
| २८ | आवधिक योजना / गाउँ, नगर यातायात गुरुयोजना आदिको तर्जुमा र स्वीकृती | तर्जुमा भएको |
| २९ | आ.व. २०७७/७८ मा प्रत्येक वडालाई प्रदान गरिएको वडागत सिलिङ रकम | ५०-७५ लाख |

# पालिकामा संचालन गरिएका सामाजिक अभियान प्रगति

| सि.नं. | विषय | प्रगति व्यहोरा |
|---|---|---|
| १ | पूर्ण सरसफाईयुक्त पालिका घोषणा | ➢ ५ वटै वडा घोषणा भई पालिका घोषणा अन्तिम चरणमा रहेको । |
| २ | पूर्ण साक्षर पालिका घोषणा | ➢ भएको |
| ३ | पूर्ण खोप दिगोपना सुनिश्चिता कार्यक्रम / अभियान | ➢ भएको , मिति २०७८-०१-३१ गते |
| ४ | बालमैत्री स्थानीय शासन (CFLG) घोषणा | ➢ अवलम्बन गरी अभियान संचालनमा रहेको । |
| ५ | वातावरणमैत्री स्थानीय शासन (EFLG) घोषणा | ➢ अवलम्बन गरी अभियान संचालनमा रहेको । |

| | | |
|---|---|---|
| ६ | लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रम / अभियान | ➢ अवलम्बन गरी अभियान संचालनमा रहेको । |
| ७ | बालबिवाह रोकथाम तथा न्यूनीकरण अभियान | ➢ अवलम्बन गरी अभियान संचालनमा रहेको । |
| ८ | एक वडा एक उत्पादन (OWOP) कार्यक्रम / अभियान | ➢ अभियानमा रहेको । |
| ९ | व्यक्तिगत घटना दर्ता कार्यक्रम / अभियान | ➢ १६ दिने अभियानमा सबै वडाबाट घटना दर्ता अभियान सम्पन्न गरिएको । |
| १० | सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ निषेध कार्यक्रम / अभियान | ➢ अभियानमा रहेको । |
| ११ | घरभित्रको धुँवामुक्त कार्यक्रम / अभियान | ➢ अभियानमा रहेको । |
| १२ | स्थानीय उत्पादन वृद्धि तथा प्रवर्द्धन कार्यक्रम / अभियान | ➢ रहेको । |
| १३ | स्थानीय स्तरमा रोजगारी सिर्जना कार्यक्रम / अभियान | ➢ स्थानीय स्तरमा रोजगारी सिर्जनालाई उत्पादन संग जोड्ने प्रयास गरिएको जस्तै पोखरी निर्माण, सिंचाई कुलो निर्माण,खोला नदी तटबन्ध आदी |
| १४ | जतिय छुवाछुत तथा भेदभाव मुक्त समाज निर्माण अभियान / कार्यक्रम | ➢ विभिन्न कार्यक्रमबाट सम्बोधन गरी कार्यक्रम संचालनमा रहेको । |

## पालिकाको दरबन्दी र पदपूर्तिको अवस्था

| सि. नं. | विवरण | स्थायी दरबन्दी (संख्या) | | | करार दरबन्दी (संख्या) | | |
|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | पदपूर्ती | रिक्त | दरबन्दी | करारमा पदपूर्ती | रिक्त |
| १ | अधिकृतस्तर | १६ | १४ | २ | ३ | ३ | - |
| २ | सहायकस्तर | ३७ | २८ | ९ | २७ | २७ | - |
| ३ | श्रेणी विहिन | १ | १ | - | १७ | १७ | - |


## पालिकाको प्रशासकीय भवन र वडा कार्यालय भवनको अवस्था

| सि. नं. | विवरण | अवस्था |
|---|---|---|
| १ | प्रशासकीय भवन | निर्माणधिन , हाल भाडामा रहेको |
| २ | वडा कार्यालय भवन | २, ४ नयाँ भवन, १ र ५ को नयाँ भवन निर्माणको प्रकृयामा रहेको , ३ को भ वन राम्रो अवस्था रहेको। |

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) नतिजा

| सि.नं. | सूचक क्षेत्र र पूर्णाङ्क | प्राप्ताङ्क | सि.नं. | सूचक क्षेत्र र पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | संगठन तथा प्रशासन (८) | | ६ | न्यायिक कार्य संम्पादन (७) | |
| २ | शसकीय प्रवन्ध (९) | | ७ | भौतिक पूर्वाधार (१३) | |
| ३ | वार्षिक वजेट तथा योजना (११) | | ८ | सामाजिक समावेशीकरण (१०) | |
| ४ | वित्तिय एवम् आर्थिक व्यवस्थापन (११) | | ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन (९) | |
| ५ | सेवा प्रवाह (१६) | | १० | सहकार्य र समन्वय (६) | |

## स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) विषयगत नतिजा चार्ट मा देखाईएको




# आ.व. २०७८/०७९ का लागि स्वीकृत पालिकाका मुख्य मुख्य कार्यक्रमहरू

| सि.नं. | स्वीकृत कार्यक्रमहरू | स्वीकृत बजेट |
|---|---|---|
| १ | क्यादी खोला खानेपानी योजना | २ करोड ५० लाख । |
| २ | सिच्याङ्ग , सारवाङ साराङ्गाट मोटर मार्ग | ३ करोड ९६ लाख ।( संघीय सरकार र स्थानीय सरकार ५०% - ५० %) |
| ३ | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | २ करोड । |
| ४ | घन्टाचुली क्षेत्र प्रर्यटन विकास योजना | २ करोड ५० लाख । |
| ५ | साउने कर्ताप मोटेर मार्ग | १ करोड (प्रदेश सर्शत) |
| ६ | देवघाट आधारभुत अस्पताल भवन निर्माण ( १० वेड) | संघीय सरकार बाट विनियोजन हुन पर्ने । |

| | | |
|---|---|---|
| ७ | पशुपन्छी बजार प्रवर्द्धनका लागि चिलिङ्ग सेन्टर स्थापना | २९ लाख ९४ हजार |
| ८ | WASH कार्यक्रम (खानेपानी, सरसफाई तथा स्वच्छता ) | ४७ लाख । |
| ९ | सुन्तलाजात फलफूल साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | १२ लाख |

## आ.व. २०७७/०७८ मा सम्पादन गरिएका अनुकरणीय कार्य/ असल अभ्यासहरू

| सि.नं. | अनुकरणीय कार्य / असल अभ्यासहरू | कै. |
|---|---|---|
| १ | वडा नं. ३ छिपछिपे स्वास्थ्य चौकीमा गर्भवति महिलाहरूको लागि सरसफाई, पवर्द्धन तथा पोसिलो खाद्यपदार्थ वितरण गरिएकोले सुत्केरी सेवा स्वास्थ्य चौकीमा विगत ३ वर्ष देखी शुन्य रहेको र उक्त कार्यक्रम संचालन भए देखी आ.व. ०७७ /०७८ मा १५ जना सुत्केरी सेवा गराउन सफल भएको । (वितरण गरिएका सामग्री: हात धुने रुमाल , नेल कटर, साबुन, आयोडिनयुक्त नुन,गेडागुडी, गर्भवती जाचँको वेलामा ४ पटक सम्म वितरण गरिएको ) | |
| २ | महिला स्वास्थ्य स्वंयमसेविकाहरूलाई रिफ्रेसर तालिम तथा अवोलकन भम्रण गराई निजहरूलाई झोला तथा छाता वितरण गरिएकोले रिपोटिङ्ग तथा काम मा सुधार । | |
| ३ | गाउँपालिकास्तरीय WASH योजना तर्जुमा गरी सवै वडाका खानेपानी आयोजनहरूको खानेपानी परिक्षण गरी सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गरिएको । | |
| ४ | कोभिड रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा तनहुँ जिल्लाको प्रथम हुन सफल भएको । | |
| ५ | शहीद सप्ताहको अवसरमा शहीद परिवार लाई सम्मान, शिक्षा, स्वास्थ्य,कृषि, पशु क्षेत्रसंग सम्बन्धित प्रवाधनात्मक कार्यक्रमहरू गरेको | |
| ६ | सामुदायिक विद्यालयहरूमा दिवा खाजाको साथ शैक्षिक सामाग्री, न्यानो कपडा र भाडा वर्तन वितरण गरिएको। | |
| ७ | ७ वटा बाख्रापकेट क्षेत्रमा बोयर जातको बोका वितरण गरी नस्ल सुधार । | |
| ८ | गाई पकेट क्षेत्रमा ५० % अनुदानमा ४६ वटा गाई खरिद गरी वितरण गरिएको । | |
| ९ | कृषि तथा पशू मेला प्रर्दशनी कार्यक्रम संचालन गरिएको । | |
| १० | प्राङ्गरिक खेती प्रवर्द्धन (भान्छा नै औषधालय) कार्यक्रम संचालन गरिएको । | |
| ११ | सूचना प्रविधिलाई प्राथामिकतामा राखी सबै वडामा अनलाईन मार्फत राजश्व संकलन कार्य शुचारू तथा अनलाईन बाट घटना दर्ता कार्य एवं पुरानो ढड्डामा रहेका घटना दर्ताको विवरणलाई डिजिटाईज गर्ने कार्य सम्पन्न गरिएको । | |
| १२ | प्राकृतिक रेशाजन्य पदार्थ थाकल वाट टोपी, झोला वुनाई तालिम संचालन । | |

## पालिकाका मुख्य मुख्य समस्याहरू

| सि.नं. | पालिकाका समस्याहरू | कै. |
|---|---|---|
| १ | गाउँपालिकामा निर्माण भएका विकास निर्माणका योजनाहरुको गुणस्तर परिक्षणका लागि हालसम्म प्रयोगशाला स्थापना गर्न नसकिएको । | |
| २ | देशकै प्रसिद्व धार्मिक क्षेत्र देवघाटको समग्र विकासको लागि गुरुयोजना कार्यान्वयन हुन नसकेको । | |
| ३ | भौगोलिक विकटताको कारण आवासीय विद्यालयको व्यवस्था नहुदाँ बालबालिकाहरूलाई विद्यालयको सहज पहुचँमा कठिनाई सृजना भएको । | |
| ४ | गाउँपालिकास्तरीय प्राविधिक शिक्षालयको व्यवस्था हुन नसक्नु । | |

| | | |
|---|---|---|
| ५ | आधुनिक कृषि तथा पशुका उपकरणहरू एंव प्रयोगशाला प्रयोगमा ल्याउन कठिन साथै व्यवसायिक कृषकहरूलाई बजारिकरणमा कठिनाई । | |
| ६ | देवघाट गाउँपालिका अन्तर्गतका नाकाहरूमा झलुङ्गेपुलहरू रहेको र वाटोहरू कठिन हुदाँ नियमित रुपमा यातायातको व्यवस्था नभएकोले स्वास्थ्य सेवा लिनबाट सेवाग्राहीहरु बन्चित भएको । | |
| ७ | भौगोलिक विकटता र सडक पहुचँ नहुदाँ विरामीहरूलाई एम्बुलेन्स सेवा उपलब्ध गराउन नसकिएको । | |
| ८ | भौगोलिक हिसाबले अत्यन्त विकट गाऊँपालिकालाई तिन तर्फी नदीले घेरीएको स्थानमा कम्तिमा ५ वटा मोटररेवल पुल आवश्यकता रहेकोमा एक मात्र पक्की पुलहुदाँ यातायात संजालमा मोटर मार्गहरू नजोडिएको । | |
| ९ | ग्रामीण विद्युतिकरण पुरा नभएको । | |
| १० | शालिग्राम कोरिडोर मोटर मार्ग र गाइघाट, सिंच्याङ्ग साराङ्घाट मोटर मार्गको योजना प्रदेश अन्तर्गतका भएता पनि वर्षेनी मर्मत संभार गाउँपालिकाले मात्र गर्नुपर्ने हुदाँ उक्त बाटोमा आवत जावत गर्न कठिनाई भएको । | |

# संघ, प्रदेश, जि.स.स. र अन्य निकाय सँगको पालिकाको अपेक्षा

| सि.नं. | निकाय | अपेक्षाको विषय / व्यहोरा |
|---|---|---|
| १ | संघीय सरकार | पालिकाको प्रशासनीक भवन निर्माण कार्य यसै वर्ष सम्पन्न गर्नका लागि संघिय सरकार बाट पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने । |
| २ | संघीय सरकार | प्रसिद्व धार्मिक स्थल देवघाट क्षेत्रमा तत्काल गुरुयोजना वमोजिम बजेट व्यवस्था गरी कार्यहरूलाई अगाडी बढाउनुपर्ने । |
| ३ | प्रदेश सरकार सामाजिक मन्त्रालय | स्वास्थ्य संस्थाहरूमा अति आवश्यक औजार, उपकरण र औषधीहरू नियमित रूपमा आपुर्ति गरिनुपर्ने र स्वास्थ्यकर्मीहरूलाई आवश्यक्ता अनुसारको तालिमको व्यवस्था हुनपर्ने । |
| ४ | प्रदेश | खानेपानी परिक्षणका लागि मोबाइल एम्बुलेन्स सेवाको आवश्यक्ता । |
| ५ | संघ, प्रदेश | देवघाट गाउँपालिकालाई सडक संजालमा जोड्न तत्काल ३ वटा पक्की पुल निर्माण गर्नुपर्ने । |
| ६ | संघ, प्रदेश | देवघाट गाउँपालिका क्षेत्रको कठिन भुगोलका कारण बालबालिकालाई पठनपाठनको व्यवस्था मिलाउन कम्तिमा २ वटा आवासिय विद्यालयको व्यवस्था गर्नुपर्ने । |
| ७ | संघ, प्रदेश , जि.स.स. र गा.पा | ग्रामिण सडक निर्माण गर्दा वातावरणिय प्रभाव र वातावरण संरक्षण लाई समेटि देशभर एकिकृत निर्देशिका तर्जुमा गरी कडाईका साथ लागु गर्नुपर्ने । |
| ८ | संघ/ प्रदेश | देवघाट गाउँपालिका दुरदराज र भौगोलिक विकटता भएको क्षेत्रमा पर्ने हुदाँ प्रदेश/संघ का ठुला र केन्द्रस्तरीय वहुवर्षिय योजनाहरू स्वीकृत हुनुपर्ने । |
| ९ | प्रदेश | प्रदेश सरकार तथा अन्तर्गतका जल्लास्थीत कार्यालयवाट गाउँपालिकामा स्वीकृत गरेका योजना /कार्यक्रम कार्यान्वयन गर्दा प्राविधिक परामर्श, अनुगमन तथा गुणस्तर सुनिश्चित गरी छिटो सम्पन्न गर्नका लागि गाउँपालिकालाई निश्चित भुमिका प्रदान गर्नुपर्ने । |

देवघाट गाउँपालिका

## महत्वपूर्ण तस्विरहरू



साउने कर्ताप मोटर मार्ग, ५ नं. वडा



मास्दी खोल झोलुङ्गे पुल, देवघाट-२



चित्रे खोल झोलुङ्गे पुल, देवघाट-२



गाउँपालिकाको प्रशासनीक भवन,देवघाट-५



४ नं वडा कार्याल भवन, देवघाट-४





२ नं. वडा कार्यालय भवन, देवघाट-२

४ नं वडा कार्यालय भवन, देवघाट-४



शालिग्राम कोरिडोर मोटर मार्ग



साउने फोस्रेपानी कर्ताप मोटर मार्ग










देवघाट आधारभुत अस्पताल निर्माण सुरुदेवघाट-५

## योजना कार्यान्वयनको अवस्था झल्किने तस्वीरहरु



फोटोः वडा स्तरीय योजना सम्झौता वडा नं.

## योजना कार्यान्वयनको अवस्था झल्किने तस्वीरहरु





फोटोः भुवन वस्ती सिचाई योजना मर्मत

## योजना कार्यान्वयनको अवस्था झल्किने तस्वीरहरु







फोटोः सारङघाट रिस्ती खोल) नियन्त्रण देवघाट ३

# भुजेल महिलालाई थाकलको झोला बुन्ने तालिम

**लोकवाणी संवाददाता**
**दमौली, माघ १८**

देवघाट गाउँपालिका वडा नम्बर ५ साउनेका का भुजेल समुदायका महिलालाई आय आर्जन गाउँपालिकाको आयोजनामा तालिमको आयोजना गरिएको हो।

प्राकृतिक रेसाजन्य बनस्पती थालक (खजुरी) को पातबाट हस्तकलाका विभिन्न सामाग्री उत्पादन गरियो। तालिमको उद्घाटन गर्दै वडा नम्बर ५ का अध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता यालबहादुर गुरुङले सिप सिकेर आत्मनिर्भर बन्नु पर्नेमा जोड दिए। २० दिन सम्म




बृद्धी गर्न थाकलको झोला बन्नु तालिम प्रदान गरिएको छ। अति विपन्न र सिमान्तकृत भुजेल समुदायका महिलालाई सिप प्रदान गरि आय आर्जनमा बृद्धी गराई आत्म निर्भर बनाउने उद्देश्यले देवघाट गरि भुजेल महिलालाई आत्मनिर्भर बनाउन तालिम आयोजना गरिएको देवघाट गाउँपालिकाका कार्यक्रम अधिकृत एवं तालिमका फोकल पर्सन कृष्णराज पन्तले बताए।

तालिमको शनिबार उद्घाटन सन्चालन हुने तालिममा भुजेल समुदायका २० जना महिलाको सहभागिता रहेको छ। तालिममा भुमिकुमारी चौधरीले प्रशिक्षण दिईरहेकी छिन्।

# मखमली झोलामा पोते राख्ने तालिम सुरु

**लोकवाणी संवाददाता**
**दमौली, माघ २१**

देवघाट गाउँपालिकाको तनहुँको आयोजना र बिकास सचेतना तथा रोकथाम कार्यक्रम तनहुँ




सहयोगमा मखमलि झोलामा पोते हालेर डिजाईन गर्ने सम्बन्धि तालिम बुधबारबाट देवघाटमा सुरु भएको छ।

सो तालिमको उद्घाटन गर्दै देवघाट गाउँपालिकाकी उपाध्यक्ष बिमला थापा मगरले महिलाहरु सिप सिकेर आत्मनिर्भर बन्नु पर्ने बताईन्। आत्मनिर्भर बन्न सक्ने हो भने महिलाहरु पीडित र अपहेलित बन्नु नपर्ने उपाध्यक्ष थापाको भनाई थियो।

बिकाश सचेतना तथा रोकथाम कार्यक्रमकी अध्यक्ष चिजा श्रेष्ठको अध्यक्षता सम्पन्न सो कार्यक्रममा वडा नम्बर १ का अध्यक्ष भिमबहादुर गुरुङ र देवघाट गाउँपालिका कार्यक्रम अधिकृत कृष्णराज पन्तले पनि शुभकामना मन्तव्य राखेका थिए। १० दिन सम्म आयोजना हुने सो तालिममा १० जना महिलाको सहभागिता रहेको छ। तालिममा शोभा थापाले प्रशिक्षण दिनेछिन्।





अति गरिब परिवारका लागि चुरा तथा पोते बनाउने तालिम

बुधबार, चैत ११, २०७७

# देवघाटमा सिलाई कटाई तालीम सुरु

लोकवाणी संवाददाता
दमौली, चैत १०

देवघाट गाउँपालिकाको आयोजनामा वडा नम्बर ३ को छिपछिपेमा २ महिने सिलाई कटाई तालिम सुरु भएको छ। गरिवी निवार




णकोलागि लघु उद्यम विकास कार्यक्रम मार्फत सो तालिम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ।

कार्यक्रमको उद्घाटन गर्दै देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले भौतिक विकास मात्रै भएर नहुने हुँदा सबै जना सिपमुलक तालिम प्राप्त र आत्मनिर्भर भएमा मात्र समृद्ध देवघाट निर्माण हुने बताए । गाउँपालिकाको विकास कार्ययोजना अगाडी बरिहेको बताउँदै अध्यक्ष थापाले महिला दिदिबहिनीहरुलाई लक्षित गरि स्वरोजगार बनाई आत्मनिर्भर बनाउने उदेश्य रहेको बताए।

वडा नम्बर ३ का कृतिमान आलेको अध्यक्षतामा भएको सो कार्यक्रममा कार्यपालिका सदस्य यममाया गुरुङ, वडा सदस्य दुर्गबहादुर गुरुङ मनमाया बिक, समाजसेवी डा.सुरेन्द्र श्रेष्ठ लगाएतले शुभकामना मन्तव्य राखेका थिए। सो कार्यक्रमको बारेमा जानकारी कार्यक्रम अधिकृत कृष्णराज पन्तले गरेका थिए। आगामी बैशाख २४ गतेसम्म सन्चालन हुने सो तालिममा वडा नम्बर ३ का ४० जना महिलाहरुको सहभागिता रहेको छ ।



अति गरिब परिवारका लागि मौरी पालन तालिम

# देवघाटमा भुमी समस्या सम्बन्धी अभिमुखीकरण सम्पन्न

लोकवाणी संवाददाता
दमौली, फागुन ३

देवघाट गाउँपालिकाको आयोजनामा भुमि समस्या सम्बन्धी



अभिमुखीकरण कार्यक्रम सोमबार देवघाटमा सम्पन्न भएको छ।

सो कार्यक्रममा भुमी सम्बन्धी समस्या समाधान आयोगका केन्द्रीय सदस्य एकबहादुर रानाले आयोगको बारेमा जानकारी दिँदै भुमी सम्बन्धि समस्या समाधनकोलागि आयोगले गर्ने कार्य र स्थानीय तहको भुमिकाको बारेमा जानकारी गराएका थिए।

वडा नम्बर ५ का अध्यक्ष एवं गाउँपालिकाका प्रवक्ता यालबहादुर गुरुङको अध्यक्षतामा भएको सो कार्यक्रममा भुमी सम्बन्धी समस्या समाधान आयोगका जिल्ला सदस्य दिर्घबहादुर दरै, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जिल्ला सदस्य बाबुराम अधिकारी, नेकपा गाउँ कमिटि अध्यक्ष भुवनसिंह गुरुङ, सचिव केशवचन्द्र न्यौपाने, नेपाली कौंग्रेसका पुर्व गाउँ सभापती बाबुराम पौडेल, देवघाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरहरी सापकोटा लगायतले मन्तव्य राखेका थिए ।



अति गरिब परिवारका लागि मौरी पालन तालिम



देवघाट सिटी हल उद्घाटन समारोह



## देवघाटको सिटी हल राष्ट्रिय सभाका अध्यक्षले उद्घाटन गर्ने

**लोकवाणी संवाददाता**
**दमौली, माघ २८**

देवघाट गाउँपालिकाको सभा हल राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सेनाले उद्घाटन गर्ने भएका छन् । वडा नम्बर ५ को क्युँदीमा निर्माण भएको सो सभाहलको आज अध्यक्ष तिमिल्सेनाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ।

गण्डकी प्रदेश सरकारको ६० प्रतिशत र देवघाट गाउँपालिकाको ४० प्रतिशत लागत साझेदारीमा ९५ लाख ५४ हजार रुपैयाँको लागतमा सो सभाहल निर्माण गरिएको हो । कोभिडको जोखिमको कारण देशैभर लकडाउन गरिएको समयमा गाउँपालिकाको समन्वयमा निर्माण सामाग्री ढुवानी गरि सो सभाहल निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले बताए।

पाँच रोपनी क्षेत्रफलमा फैलिएको सो सभाहलमा २ सय जनाको क्षमताको हल र दुई वटा साना कोठाहरु रहेको छ।

सो सभा हलमा अहिले गाउँपालिकाले कोभिड अस्पताल सन्चालन गरेको छ । सभा हल उद्घाटन कार्यक्रममा प्रतिनिधि सभाका निवर्तमान सांसद कृष्णकुमार श्रेष्ठ किसानको पनि विशेष उपस्थिती रहने जनाईएको छ।






शहीद सप्ताह मनाईदै






वडा नं २,कृषि तथा पशु प्रदर्शनी कार्यक्रम






# देवघाटमा कभर्ड हल बन्ने

लोकवाणी संवाददाता

बर्मौली, माघ २९

देवघाट गाउँपालिकामा कभर्ड हल बन्ने भएको छ। गाउँपालिकाको आर्थिक सहयोगमा देवघाट युवा तथा खेलकुँद विकास समितिले सो कभर्ड हल निर्माण गर्न लागेको हो।

कभर्ड हलको बिहिबार राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सेनाले शिलान्यास गरे। सो अवसरमा बोल्दै अध्यक्ष तिमिल्सेनाले खेलकुँदले नागरिकलाई स्वस्थ र अनुशासित बनाउन सहयोग गर्ने बताए। नेपालमा खेलकुँदको क्षेत्रमा धेरै सम्भावना भएपनि राष्ट्रको लगानी र पारिवारिक वातावरण समेत नहुँदा यो क्षेत्र पछाडी परेको अध्यक्ष तिमिल्सेनाको भनाई थियो।

कभर्ड हल ५० लाख रुपैयाँको लागतमा बन्ने र त्यसकोलागि स्थानीय खेलप्रेमी समाजसेवी चन्द्रप्रकाश दुवाडीले १ रोपनी जग्गा निशुल्क उपलब्ध गराएका छन्।

कभर्डहल निर्माणकोलागि देवघाट गाउँपालिकाले चालु आर्थिक वर्षमा १० लाख रुपैयाँ विनियोजन गरेको देवघाट युवा तथा खेलकुँद विकास समितिका अध्यक्ष शुक्र गुरुङले जानकारी दिए। कभर्ड हल निर्माण पछि ब्याडमिन्टन, भलीवल लगायत इन्डोर खेल सन्चालन गर्न सहज हुने अध्यक्ष गुरुङले बताए।

कृषि उपज संकलन केन्द्र एवं हाटबजार समु द्घाटन कार्यक्रम






लैङ्गिक हिंसा न्यूनीकरण विषयक अभिमुखीकरण कार्यक्रम






वडा स्तरिय एकिकृत नागरिक सेवा संचालन




साबुन पानीले हात धुने राष्ट्रिय अभियान



कर्मचारी क्षमता अभीबृद्वी तालिम





गाउँपालिका अन्तर्गतका बाख्रापकेट क्षेत्रलाई बोयर जातको ब्याङको बोका वितरण






गाउँपालिका अन्तर्गतका बाख्रापकेट क्षेत्रमाबाख्रापालन तालिम








कृषकस्तरमा कृषि सामाग्री एवं बिउविजन वितरण




अमेरिकन फौजी किराकालागि विषादी वितरण






विषादी वितरण एवं प्राङ्गारिक खैती प्रविधि सम्बन्धि  तालिम



पालेथुम्की सामुदायिक भवन,  देवघाट -२



पशु कोटा विकास फर्म, १ नं वडा



मास्दी खोला झोलुङ्गे पुल ,२ नं वडा





अस्थाई कोभिड अस्पताल देवघाट-५




निःशूल्क स्वास्थ्य शिविर , वैदि -२, खाल्टे


" हाम्रो देवघाट समृद्ध देवघाट "
गर्भवति तथा सुत्केरी महिलाको सरसफाई र
पोषण प्रवर्द्धनको लागि
पोषण कोशेली वितरण कार्यक्रम
मिति: २०७७ फाल्गुण ...८... गते
स्थान: छिपछिपे स्वास्थ्य चौकी
देवघाट-३, तनहुँ
आयोजक:-
देवघाट गाँउपालिका
जन स्वास्थ्य ईकाइ,
देवघाट तनहुँ

**समाप्त**